स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

विचार | खानेपानीमाथिको बेइमानी | चीनतर्फको निर्यातमा सुधार

वर्ष १२३ | अङ्क ३१५ | २०८० साल चैत १२ गते सोमबार | फाल्गुण शुक्ल पूर्णिमा | नेपाल संवत् ११४४ चिल्लाथ्व १५ | 2024 March 25 Monday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# ऊर्जा क्षेत्रमा लगानी बढाउन आग्रह




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १३ गते*

नेपाल विद्युत् प्राधिकरणले नेपालको ऊर्जा क्षेत्रलाई अझै गतिशील र तीव्र विकास गर्न विद्युत् पूर्वाधार संरचना सुधार तथा विस्तार कार्यमा लगानी बढाउन एसियाली पूर्वाधार लगानी बैङ्क (एआइआइबी) लाई आग्रह गरेको छ।

एआइआइबी सञ्चालक समितिका सदस्य आर. एम. पी. रथनायक नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डलसँग सोमबार भएको भेटमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् प्रसारण र वितरणतर्फका पूर्वाधार सुधार तथा विस्तारमा सस्तो ब्याजदरमा लगानी बढाउन आग्रह गर्नुभएको हो।

नेपालको ऊर्जा क्षेत्रको रूपरेखा तथा लगानी आवश्यकतासम्बन्धी जानकारी गराउँदै कार्यकारी निर्देशक घिसिङले विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका संरचना निर्माण गर्न ठुलो लगानी आवश्यक रहेको बताउनुभयो।

"ऊर्जा मन्त्रालयले अगाडि बढाएको सन् २०३५ सम्मको ऊर्जा क्षेत्रको मार्गचित्र कार्यान्वयनका लागि विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनाका लागि झन्डै ६० अर्ब अमेरिकी डलर (निजी क्षेत्रलाईसहित) लगानी चाहिन्छ, यसका लागि एआइआइबी जस्ता बहुपक्षीय निकायबाट सस्तो ब्याजदरमा सहुलियतपूर्ण ऋण आवश्यक छ," कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

घिसिङले भरपर्दो तथा गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चितता, ऊर्जा सङ्क्रमण तथा दक्षता, विद्युत् निर्यात वृद्धि, मौसमी विद्युत् उत्पादनको असन्तुलन न्यूनीकरणका लागि जलाशययुक्त आयोजनाको निर्माण, वितरण तथा प्रसारण सञ्चाल विस्तार तथा सुधारलगायतका क्षेत्रमा हाल काम भइरहेको एआइआइबीको प्रतिनिधिमण्डललाई जानकारी गराउनुभएको थियो।

प्रतिनिधिमण्डलले ऊर्जा क्षेत्रका लागि आवश्यक पर्ने लगानी गर्न बैङ्क इच्छुक रहेको बताएको थियो । प्रतिनिधिमण्डलबाट हाल एआइआइबीको लगानीमा निर्माणाधीन आयोजनाहरूको प्रगति, वातावरणीय तथा सामाजिक सुरक्षणका विषयहरू, ऊर्जा क्षेत्रको पुनर्संरचना, विद्युत् निर्यातका लागि बजार सुनिश्चिततालगायतका विषयमा जिज्ञासा राखिएको थियो।

एआइआइबीले हाल विद्युत् वितरण प्रणाली सुधार तथा विस्तार परियोजना कार्यान्वयनका लागि ११ करोड २३ लाख डलर सहुलियतपूर्ण ऋण नेपाललाई उपलब्ध गराएको छ। परियोजनामार्फत प्राप्त सहुलियतपूर्ण ऋण लुम्बिनी प्रदेशका दाङ, बाँके, बर्दिया तथा रोल्पा र कर्णाली प्रदेशका आठ जिल्लाको विद्युतीकरण तथा वितरण प्रणाली विस्तार र सुधारमा खर्च गरिँदै छ।

परियोजनाबाट १९ वटा ३३/११ केभी वितरण सबस्टेसन, ३५० किलोमिटर ३३ केभी लाइन, १७९८ किलोमिटर ११ केभी लाइन, ३१५९ किलोमिटर एलटी लाइन निर्माण र १०४५ वटा वितरण ट्रान्सफर्मर जडान गरिने छ । उक्त परियोजना कार्यान्वयनका लागि ठेक्का सम्झौता र परियोजनाको डिजाइन सम्पन्न भइसकेका छन्।

एआइआइबीले कोरियाली कम्पनीहरूको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनामा चार करोड डलर ऋण प्रवाह गरेको छ।

## 'लगानीको अपार सम्भावना'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १३ गते*

नेपालको निजी क्षेत्रले एसियाली पूर्वाधार लगानी बैङ्क (एआइआइबी) को सञ्चालक समितिका पदाधिकारीलाई नेपालमा लगानी र प्रतिफलको अपार सम्भावना रहेको भन्दै लगानी विस्तार गर्न आग्रह गरेको छ।

नेपाल भ्रमणमा रहेका एआइआइबीका अधिकारी र निजी क्षेत्रका प्रतिनिधिसँग मङ्गलबार चन्द्रागिरीमा भएको छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घले गरेको छलफलमा निजी क्षेत्रका प्रतिनिधिले यस्तो आग्रह गरेका हुन्।

नेपालमा लगानीका सम्भावित अवसरको खोजीमा विशेष छलफलका क्रममा यातायात, ऊर्जा, पर्यटन, कृषि र सहरी विकासलगायतका क्षेत्रमा बढी लगानी अवसर रहेको औँल्याइएको थियो। आफ्नो धारणा राख्दै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले नेपालको निजी क्षेत्र एआइआइबी जस्ता संस्थासँग रणनीतिक साझेदारीमार्फत यस सम्भावनाको फाइदा लिन उत्सुक रहेको जानकारी गराउनुभयो।

उहाँले नेपाल दुई ठुला अर्थतन्त्र भारत र चीनको बिचमा रहेकाले नेपालमा उत्पादित वस्तुलाई विश्वका दुई ठुला बजारमा सहज पहुँच पुऱ्याउन सक्ने बताउनुभयो।

अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार आइरहेको र मुलुक अहिले आन्तरिक उपभोग सुधारमा केन्द्रित भएको जानकारी दिँदै उहाँले भन्नुभयो, "महत्त्वपूर्ण पूर्वाधार परियोजनामा प्रमुख साझेदार रहेको एआइआइबीसँग सहकार्यका लागि नयाँ मार्गहरू खोज्न नेपालको निजी क्षेत्र उत्सुक छ।" नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवालले नेपालको आर्थिक विकासमा निजी क्षेत्रले अगुवाइ गर्दै आएको र आगामी दिनमा दातृ निकाय तथा विदेशी लगानीकर्तासँगको साझेदारी विस्तार गर्दै जान उत्सुक रहेको धारणा राख्नुभयो।

## 'वैदेशिक लगानीको वातावरण सहज'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १३ गते*

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले नेपालको समग्र आर्थिक अवस्था सन्तोषजनक रहेको भन्दै विदेशी लगानीको वातावरण पनि सहज रहेको बताउनुभएको छ।

एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैङ्क (एआइआइबी) को टोलीसँगको मङ्गलबार छलफलका क्रममा अधिकारीले वैदेशिक लगानीका लागि वातावरण सहज रहेको उल्लेख गर्नुभयो। उहाँले लगानी स्वीकृति प्रक्रिया र संस्थागत व्यवस्थाबारे जानकारी गराउँदै नेपालमा पूर्वाधार विकासका लागि आन्तरिक स्रोत अपुग रहेकाले एआइआइबी जस्ता संस्थाले जलविद्युत् प्रसारणलाइनलगायत पूर्वाधार विकासमा लगानी बढाउनुपर्ने बताउनुभयो। उहाँले नेपालको वित्तीय क्षेत्रको समग्र अवस्था पनि सन्तोषजनक रहेको जानकारी गराउनुभएको थियो।

भेटका क्रममा टोली प्रमुख आरएमपी रथनायकेसहितका सदस्यले नेपालमा वैदेशिक लगानीको लागि नीतिगत व्यवस्था एआइआइबीले लगानी गर्न सक्ने पूर्वाधार क्षेत्र ऋण स्वीकृति प्रक्रियालगायतका विषयमा चासो राखेका थिए। छलफलमा नेपालको पूर्वाधार विकासमा लगानीका अवसरलगायतका विभिन्न विषयमा दुई पक्षीय छलफल भएको नेपाल राष्ट्र बैङ्कले जनाएको छ।

वर्ष १९ | अंक १६८ | काठमाडौं | मंगलवार, १३ चैत २०८० | Tuesday, 26 March 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

एशियन पेन्ट्सले मनायो 'फागु पुन्ही या भिन्तुना' ३
फलफूलको आयात प्रतिस्थापन ४
ग्लोबल मनी विकको अवसरमा नेपाल राष्ट्र बैंकका विविध कार्यक्रम ६
सहुलियत ऋणका लागि प्रमको आग्रह ८



नेपालमा एआईआईबीको उच्चस्तरीय दौडधूप

## प्रधानमन्त्री र अर्थमन्त्रीबाट महँगो ब्याजदर घटाउन आग्रह

विजय दमासे

काठमाडौं

एशियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को उच्चस्तरीय प्रतिनिधिमण्डलले नेपालमा दौडधूप बढाएको छ। नेपाल भ्रमणमा रहेको उक्त प्रतिनिधिमण्डलले अर्थमन्त्री वर्षमान पुन, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ तथा नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी भेटेर नेपालमा लगानी विस्तार गर्न आफूहरू इच्छुक रहेको बताएको छ।

मूलतः एशियाली र अन्य सदस्य मुलुकको दिगो र हरित पूर्वाधार विकासमा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१६ मा एआईआईबी स्थापना भएको हो। यसको मुख्यालय चीनको बेइजिङमा छ। प्रतिनिधिमण्डलले अर्थमन्त्रीसँगको भेटमा नेपाललाई लगानीको प्राथमिकतामा राखिएको बताएको मन्त्री पुनको सचिवालयले बताएको छ। भेटमा अर्थमन्त्री पुनले पूर्वाधार विकाससहित अन्य आयोजनामा लगानी बढाउन आग्रह गरेका थिए। जवाफमा प्रतिनिधिमण्डलको नेतृत्व गरेका एआईआईबी निर्देशक आरएमपी रथनायकेले नेपालको नीतिगत सुधार तथा विकास प्रयास सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा स्रोतको उपलब्धताका आधारमा नेपालमा लगानी बढाउँदै लैजाने नीति लिइने बताए। आधा पूँजी निजीक्षेत्रको साझेदारीमा परिचालन गर्ने एआईआईबीको नीतिअनुसार नेपालको निजीक्षेत्रसँगको साझेदारीमा काम गर्न अर्थमन्त्री पुनले आग्रह गरेका थिए।

» बाँकी पृष्ठ ५ मा

### विद्युत् पूर्वाधारमा लगानी बढाउन आग्रह



काठमाडौं (अस)। नेपाल विद्युत् प्राधिकरणले विद्युत् पूर्वाधार संरचना सुधार तथा विस्तारका परियोजनामा लगानी बढाउन एशियाली पूर्वाधार लगानी बैंक (एआईआईबी)लाई आग्रह गरेको छ। नेपाल भ्रमणमा रहेको एआईआईबीको उच्चस्तरीय प्रतिनिधिमण्डलसँगको भेटमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तारमा सस्तो ब्याजदरमा लगानी बढाउन आग्रह गरेका हुन्। प्रतिनिधिमण्डललाई नेपालको ऊर्जाक्षेत्रका रूपरेखा तथा लगानी आवश्यकतासम्बन्धी जानकारी गराउँदै घिसिङले पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् आपूर्ति तथा छिमेकी देशहरूसँगको विद्युत् व्यापार विस्तारका लागि उत्पादन, प्रसारण र वितरणतर्फका संरचना निर्माण गर्न ठूलो लगानी आवश्यक रहेको बताए।

'ऊर्जा मन्त्रालयले अगाडि बढाएको सन् २०३५ सम्मको ऊर्जाक्षेत्रको मार्गचित्र कार्यान्वयनका लागि विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनाका लागि झन्डै ६० अर्ब अमेरिकी डलर (निजीक्षेत्रसहित) लगानी चाहिन्छ, यसका लागि एआईआईबीजस्ता बहुपक्षीय निकायबाट सस्तो ब्याजदरमा सहुलितपूर्ण ऋण आवश्यक छ,' कार्यकारी निर्देशक घिसिङले भने। घिसिङले भरपर्दो तथा गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चितता, ऊर्जा संक्रमण तथा दक्षता, विद्युत् निर्यात वृद्धि, मौसमी विद्युत् उत्पादनको असन्तुलन न्यूनीकरणका लागि जलाशययुक्त आयोजनाको निर्माण, वितरण तथा प्रसारण सञ्चालन विस्तार तथा सुधारलगायत क्षेत्रमा हाल काम भइरहेको एआईआईबीलाई जानकारी गराए।

प्रतिनिधिमण्डलले ऊर्जाक्षेत्रका लागि आवश्यक पर्ने लगानी गर्न बैंक इच्छुक रहेको बताएको थियो। प्रतिनिधिमण्डलका सदस्यले हाल एआईआईबीको लगानीमा निर्माणाधीन आयोजनाहरूको प्रगति, वातावरणीय तथा सामाजिक सुरक्षाका विषयहरू, ऊर्जाक्षेत्रको पुनः संरचना, विद्युत् निर्यातका लागि बजार सुनिश्चितालगायत विषयमा जिज्ञासा राखेका थिए। नेपालका तर्फबाट एआईआईबी सञ्चालक समितिका सदस्य एवं अर्थ मन्त्रालयको अन्तरराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख सहसचिव श्रीकृष्ण नेपालले ऊर्जाक्षेत्रको विकासका लागि बैंकका तर्फबाट सस्तो ब्याजदरमा सहुलियतपूर्ण ऋण उपलब्ध गराइनुपर्नेमा जोड दिए।

एआईआईबीले हाल विद्युत् वितरण प्रणाली सुधार तथा विस्तार परियोजना कार्यान्वयनका लागि ११ करोड २३ लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण नेपाललाई उपलब्ध गराएको छ। परियोजनामार्फत प्राप्त सहुलियतपूर्ण ऋण लुम्बिनी प्रदेशका दाङ, बाँके बर्दिया तथा रोल्पा र कर्णाली प्रदेशका ८ जिल्लाको विद्युतीकरण तथा वितरण प्रणाली विस्तार र सुधारमा खर्च गरिँदै छ। परियोजनाबाट १९ ओटा ३३/११ केभी वितरण सबस्टेशन, ३५० किलोमीटर ३३ केभी लाइन, १७९८ किलोमीटर ११ केभी लाइन, ३१५९ किलोमीटर एलटी लाइन निर्माण र १ हजार ४५ ओटा वितरण ट्रान्सफर्मर जडान गरिनेछ। उक्त परियोजना कार्यान्वयनका लागि ठेक्का सम्झौता र परियोजनाको डिजाइन सम्पन्न भइसकेका छन्। एआईआईबीले कोरियाली कम्पनीहरूको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा ४ करोड डलर ऋण प्रवाह गरेको छ।

नेपाल–भारत ऊर्जासचिव वार्ता

## बिजुली निर्यात नरोक्न नेपालको आग्रह

अभियान संवाददाता

काठमाडौं

भारतले अर्को हप्तादेखि नेपाललाई बिजुली निर्यात नगर्ने संकेत गरेपछि मंगलवार नेपाल र भारतबीच ऊर्जासचिव स्तरमा वार्ता भएको छ। आफ्नो विद्युत् व्यापार बजार (इन्डियन इनर्जी एक्सचेन्ज) बाट नेपाललाई बिजुली किन्न दिने सम्झौता नवीकरण गर्न भारतले आनाकानी गरिरहेका बेला दुई देशका ऊर्जासचिवबीच कुराकानी भएको हो।

ऊर्जा मन्त्रालयका प्रवक्ता नवीन सिंहका अनुसार ऊर्जासचिव गोपाल सिग्देलले उनका भारतीय समकक्षी पंकज अग्रवाललाई बिजुली निर्यात नरोक्न आग्रह गरेका हुन्। कुराकानीका क्रममा भारतीय ऊर्जासचिवले आसन्न लोकसभा चुनावको व्यस्तताका कारण यस विषयमा निर्णय गर्न नसकिएको र सोलार तथा अन्य स्रोतबाट बिजुली दिनेबारे छलफल भइरहेको जानकारी गराएको सिंहले बताए। प्रतिस्पर्धाका आधारमा भारतीय बजारबाट बिजुली किन्दा कुन स्रोतबाट आयो त्यो नहेरिने नेपाल विद्युत् प्राधिकरणका एक अधिकारीले बताए। 'बिजुलीका विभिन्न स्रोतबाट दिन सकिने भन्नुको अर्थ इन्डियन इनर्जी एक्सचेन्जबाट नदिने संकेत हुनसक्छ,' उनले भने।

इन्डियन इनर्जी एक्सचेन्जबाहेक सरकार-सरकारबीचको सहमतिबाट पनि दुई देशबीच बिजुली आयातनिर्यात हुने गरेको छ। तर, केही वर्षयता नेपालले एक्सचेन्ज मार्केटबाटै बिजुली लिँदै आएको छ। सिंह भने भारतीय पक्षले एक्सचेन्ज मार्केटबाट बिजुली नदिने नभनेको बताउँछन्। उनका अनुसार सरकारले भारतीय दूतावासमार्फत पनि आफ्नो चासो भारतीय पक्षलाई जानकारी गराएको छ।

भारतले सम्झौता नवीकरण नगरे अर्को हप्ताबाट नेपालमा लोडशेडिङ हुने सम्भावना बढेको नेपाल विद्युत् प्राधिकरणका अधिकारी बताउँछन्। प्राधिकरणका अनुसार यो सम्झौता प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ। अहिलेको सम्झौताको म्याद चैत १८ गते सकिँदै छ। प्राधिकरण अधिकारीहरूका अनुसार ३ महीनादेखि सम्झौता नवीकरणका लागि आग्रह गर्दै आए पनि भारतको सम्बद्ध निकायले त्यसमा चासो देखाएको छैन।

सम्झौता तत्काल नवीकरण नगरे कम्तीमा डेढ महीना बिजुली व्यवस्थापन चुनौतीपूर्ण हुने प्राधिकरणका अधिकारीहरूको भनाइ छ। प्राधिकरणका अनुसार हाल नेपालले ६०० मेगावाटभन्दा बढी भारतबाट आयात गर्दै आएको छ, जुन मागको एक तिहाइ जति हो। वैशाख अन्त्यसम्म नेपालको उत्पादन नबढ्ने भएकाले आगामी डेढ महीना बिजुली व्यवस्थापन चुनौतीपूर्ण हुनेछ।

'मागको एक तिहाइ बिजुली उपलब्ध नभए लोडशेडिङ गर्नुपर्ने स्थिति आउँछ,' प्राधिकरण प्रवक्ता चन्दनकुमार घोषले सोमवार आर्थिक अभियानसँग भनेका थिए। यस्तो स्थितिमा गार्हस्थ्य (घरपरिवार) उपभोक्ता भन्दा औद्योगिक ग्राहकको बिजुली कटौती हुनसक्ने उनले संकेत गरेका छन्। भारतले २०७७ चैतमा पहिलोचोटि इन्डियन इनर्जी एक्सचेन्जबाट बिजुली किन्न अनुमति दिएको थियो। सम्झौताअनुसार नेपालले ढल्केवर मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन र महेन्द्रनगर टनकपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत बिजुली आयात गर्न पाउँछ। भारतले विगतमा कुनै बहाना नगरी सम्झौता नवीकरण गर्दै आए पनि यसपालि चुनावको बहानामा नवीकरण गर्न नसकिने संकेत गरेको प्राधिकरणका अधिकारीहरूको भनाइ छ। भारतमा २०८१ वैशाख ५ गते शुरू भएर ६ हप्तासम्म विभिन्न चरणमा आम निर्वाचन हुँदै छ।

बाँकी पृष्ठ १ बाट ..

**प्रधानमन्त्री र ...**

जवाफमा रथनायकेले बहुवर्षे आयोजना छनोट गरी निजीक्षेत्रसँग सहकार्य गर्न सकिने औँल्याए। अर्थमन्त्री पुनले आगामी वैशाखमा हुने तेस्रो लगानी सम्मेलनमा सहभागिताका लागि एआईआईबीलाई निम्ता गरे। निर्देशक रथनायकेले लगानी सम्मेलनमा उच्चस्तरीय अधिकारीहरूको सहभागिता रहने प्रतिबद्धता व्यक्त गरेका छन्। अर्थमन्त्री पुनले नेपालसहित मध्यम आर्थिक अवस्था भएका विकासोन्मुख मुलुकका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न पनि एआईआईबीसँग आग्रह गरे।

एआईआईबीको ब्याजदर तुलनात्मक रुपमा महँगो भएकाले नेपालले अपेक्षित रूपमा ऋण लिन नसकेको उनको भनाइ थियो। अर्थमन्त्री पुनले नेपाल एआईआईबीको संस्थापक सदस्य भए पनि महँगो ब्याजदरका कारण सोचे जति लाभ लिन नसकेको बताए। नेपालमा पूर्वाधार विकासमा धेरै काम गर्न बाँकी रहेकाले सहुलियतपूर्ण ऋण जरुरी हुने मन्त्री पुनले बताए।

सरकारले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको भन्दै आन्तरिक स्रोतको सीमितताका कारण बाह्य स्रोत जुटाउन आवश्यक रहेको उनको भनाइ छ। अर्थमन्त्री पुनले पूर्वाधार विकाससहित जलविद्युत्, पर्यटन र सूचनाप्रविधिजस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानी गर्न टोलीलाई आग्रह गरे। जलविद्युत्का लागि क्षेत्रीय बजार सुनिश्चित भएकाले उक्त क्षेत्र लगानीका लागि आकर्षक रहेको उनले औँल्याए।

भारतसँग १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको जानकारी दिँदै मन्त्री पुनले विद्युत् बजारको समस्या नरहेको स्पष्ट गरे। यस्तै बंगलादेशसँग पनि विद्युत् व्यापार सम्झौता भएको र ४० मेगावाट बिजुली छिट्टै बंगलादेश निर्यात गर्न लागिएको जानकारी गराए। सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नतिको लक्ष्य प्राप्त गर्ने तयारीमा रहेको नेपालमा लगानी विविधीकरण गर्न उनको आग्रह थियो। नेपालले विकास आयोजनामा जलवायु वित्त परिचालन गर्ने सोच बनाएकाले त्यसका लागि समेत सहयोग गर्न मन्त्री पुनले आग्रह गरे। दक्षिण कोरियाली कम्पनी प्रमुख लगानीकर्ता रहेको २१६ मेगावाटको निर्माणाधीन माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा एआईआईबीको ४० मिलियन अमेरिकी डलर लगानी छ। यस्तै लुम्बिनी र कर्णाली प्रदेशमा निर्माणाधीन केही विद्युत् प्रसारण लाइनमा उसले लगानी गरेको छ।

एआईआईबीको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई समेत भेटेको थियो। उक्त भेटमा प्रधानमन्त्रीले समेत ब्याजदर सस्तो गराउन प्रतिनिधमण्डललाई आग्रह गर्नुभएको थियो। एआईआईबी प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर बमबहादुर मिश्र र अन्य अधिकारीहरूसँग पनि भेटवार्ता गरेको छ। मंगलवार भएको भेटमा गभर्नर अधिकारीले नेपालको कुल गार्हस्थ्य उत्पादन, मुद्रास्फीति, विदेशी विनिमय सञ्चिति, बाह्य क्षेत्रलगायत वर्तमान आर्थिक स्थितिबारे चर्चा गरे। नेपाल राष्ट्र बैंकको प्रभावकारी नियमन र सुपरिवेक्षणका कारण नेपालको वित्तीय क्षेत्रको समग्र अवस्था सन्तोषजनक रहेको धारणा उनले राखे।

नेपालमा वैदेशिक लगानीका निम्ति वातावरण सहज रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले लगानी स्वीकृति प्रक्रिया र संस्थागत व्यवस्थाबारे भ्रमण टोलीलाई जानकारी गराए। नेपालको पूर्वाधार विकासका लागि आन्तरिक स्रोत अपुग रहेको उल्लेख गर्दै उनले एआईआईबी जस्ता संस्थाले जलविद्युत्, प्रसारण लाइनलगायत पूर्वाधार क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकतामा जोड दिए।

भेटका अवसरमा एआईआईबी टोलीप्रमुख रथनायकेसहित अन्य सदस्यहरूले नेपालमा वैदेशिक लगानीको लागि नीतिगत व्यवस्था, एआईआईबीले लगानी गर्न सक्ने पूर्वाधार क्षेत्र, ऋण स्वीकृति प्रक्रिया र ऋणको ब्याजदरलगायत विषयमा चासो राखेका थिए। उनीहरूले नेपालमा जलवायु परिवर्तनका कारण सृजित चुनौतीलाई सम्बोधन गर्न भएका नीतिगत प्रयासबारे पनि जिज्ञासा राखेका थिए। कार्यक्रममा नेपालको विकासका प्राथमिकता, पूर्वाधार विकासमा लगानीका

## कर्णालीको जलविद्युत् उत्पादन क्षमता १८ हजार मेगावाट



सुर्खेत। कर्णाली प्रदेशमा १८ हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन क्षमता रहेको प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले बताएको छ। मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर (सिडिई) गोपाल शर्माका अनुसार प्रदेशभित्रका विभिन्न नदीमा गरिएको सर्वेक्षणबाट यो तथ्य फेला परेको हो।

उत्पादन क्षमता धेरै भए पनि कर्णाली प्रदेशबाट राष्ट्रिय प्रसारण लाइनमा ८ दशमलव २५ मेगावाट बिजुली मात्र जोडिएको छ। हाल कर्णालीमा १० मेगावाट जलविद्युत् उत्पादन भइरहेको छ। कर्णालीका १० जिल्लाका ५७ प्रतिशत स्थानीयले मात्र विद्युत् सेवा उपभोग गर्न पाएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ। प्रदेशका सबै घरधुरीमा र कृषि, उद्योग जस्ता सेवा क्षेत्रमा विद्युत्को माग पूर्ति गर्न प्रदेशभित्र निर्माणाधीन साना, ठूला जलविद्युत् आयोजनाको कामलाई तीव्रता दिनुपर्ने मन्त्रालयका सिडिई शर्माले बताए। कर्णालीमा सम्भाव्यता अध्ययनका लागि लाइसेन्स पाएका १९ जलविद्युत् आयोजना छन्, जसमा भेरी नदी जलविद्युत् आयोजना एक सय ४० मेगावाट, माथिल्लो भेरी जलविद्युत् आयोजना तीन सय १५ मेगावाट, मुगु खोला जलविद्युत् आयोजना ५७ मेगावाट र ताक्सुगाड जलविद्युत् आयोजना सात दशमलव १ मेगावाट रहेका छन्।

त्यसैगरी अपर रुरु बन्छुखोला जलविद्युत् आयोजना १९ दशमलव ६ मेगावाट, चुवाखोला जलविद्युत् आयोजना ७० मेगावाट, नाम्ला खोला जलविद्युत् आयोजना एक सय ३५ मेगावाट र तीन सय ६ मेगावाट क्षमताको अपर मुगु कर्णाली जलविद्युत् आयोजनाले समेत सम्भाव्यता अध्ययनका लागि लाइसेन्स लिएका छन्।

सम्भाव्यता अध्ययनकै लाइसेन्स प्राप्त गरेका अन्य जलविद्युत् आयोजनाहरूमा ८२ दशमलव ३ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजना-ए, चार दशमलव ७८ मेगावाटको सिस्नेखोला जलविद्युत् आयोजना, ३० दशमलव २ मेगावाटको रतमाखोला जलविद्युत् आयोजना, ३० मेगावाटको सानीभेरी-३ मुसिकोट जलविद्युत् आयोजना, ६ दशमलव ३ मेगावाट अपर टाक्सु जलविद्युत् आयोजना, एक सय ५२ मेगावाटको मुछुलिमी जलविद्युत् आयोजना, ४० मेगावाटको पेल्माखोला जलविद्युत् आयोजना, ६० मेगावाटको अपर सानीभेरी जलविद्युत् आयोजना, एक सय मेगावाटको जिल्ली चुमाई जलविद्युत् आयोजना र तीन दशमलव ५ मेगावाटको फेदीखोला जलविद्युत् आयोजना रहेका छन्। हाल कर्णालीमा निर्माणाधीन जलविद्युत् आयोजनाको संख्या २१ रहेको विद्युत् विकास विभागले बताएको छ। सुर्खेतमा ३३ केभी प्रसारण लाइनको विद्युत् पुगेको छ भने एक सय ३२ केभी प्रसारण लाइन निर्माणको अन्तिम चरणमा पुगेको छ। हाल सुर्खेतसम्म मात्र रहेको एक सय ३२ केभी प्रसारण लाइन अन्य जिल्लामा पनि विस्तार गर्नुपर्ने कर्णालीवासीको माग छ।

प्रदेशमा निर्माणाधीन जलविद्युत् आयोजनाहरूमा ३ दशमलव ७५ मेगावाटको द्वारीखोला जलविद्युत् आयोजना, ४ दशमलव ५ मेगावाटको पदमखोला जलविद्यत् आयोजना, ४६ दशमलव ८ मेगावाटको भेरी बबई डाइभर्सन बहुउद्देश्य आयोजना, चार सय १७ मेगावाटको नलगाड जलविद्युत् आयोजना, एक सय ६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजना र चार सय २६ मेगावाटको फुर्कोट कर्णाली जलविद्युत् आयोजना रहेका छन्। त्यसैगरी बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत् आयोजना चार सय ३९ मेगावाट, माथिल्लो कर्णाली जलविद्युत् आयोजना नौ सय मेगावाट, मुगु कर्णाली जलविद्युत् आयोजना एक हजार नौ सय २ मेगावाट, तिला-१ जलविद्युत् आयोजना चार सय ४० मेगावाट, तिला-२ जलविद्युत् आयोजना चार सय २० मेगावाट, भेरी-१ जलविद्युत् आयोजना दुई सय ७० मेगावाट जाजरकोट र हुम्ला कर्णाली-१ जलविद्युत् आयोजना दुई सय ३५ मेगावाट निर्माणाधीन छन्।

यसैगरी हुम्ला कर्णाली-२ जलविद्युत् आयोजना तीन सय ४५ मेगावाट, मुगु कर्णाली जलविद्युत् आयोजना एक सय ५९ मेगावाट, सानीभेरी-३ जलविद्युत् आयोजना ४९ मेगावाट, रुरुबच्छुखोला-२ जलविद्युत् आयोजना १२ मेगावाट, अपर लोहरेखोला ४ मेगावाट, सानीभेरी जलविद्युत् आयोजना ४४ मेगावाट, भेरी नदी जलाशय जलविद्युत् आयोजना तीन सय मेगावाट र सुपरचुवाखोला जलविद्युत् आयोजना ९० मेगावाट निर्माणाधीन छन्।

### भेरी कोरिडोरमा ४०० केभी प्रसारण लाइन

जाजरकोट नलगाडको दानी पिपलदेखि सुर्खेतको मेहलकुनासम्म चार सय केभी प्रसारण लाइनको निर्माण अघि बढेको छ। सबस्टेशनका लागि जग्गा खरीद भई मुआब्जासमेत वितरण भइसकेको छ। एक सय ५० किलोमिटर लामो प्रसारण लाइन निर्माण हुने ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले बताए। दानीपिपलमा नलगाड, ताक्सुगाड र जगदुल्ला जलविद्युत् आयोजनाको विद्युत् जम्मा गरेर राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने लक्ष्य छ। जाजरकोटका स्थानीय समेत रहेका ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले कर्णालीमा रहेका जलविद्युत् आयोजना निर्माण गर्न लगानी जुटाउनुपर्ने चुनौती रहेको बताए। कर्णालीमा विद्युत् उत्पादन क्षमता धेरै भएकाले सबैको ध्यान अहिले कर्णालीमा रहेको मन्त्री बस्नेतको भनाइ छ। *रासस*

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१२ चैत २०८०, सोमबार (25 Mar 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

### ■ नेपाल-भारत ऊर्जासचिवस्तरीय टेलिफोन वार्ता

## मन्त्रीस्तरीय छलफलपछि विद्युत् दिनेबारे निर्णय गरिने आश्वासन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतीय ऊर्जासचिव पंकज अग्रवालले मन्त्रीस्तरीय छलफल गरेर नेपाललाई भारतीय खुला बजारबाट विद्युत् किन्न पाउनेसम्बन्धी सम्झौता नवीकरण गर्नेबारे निर्णय गर्ने बताएका छन् । मंगलबार भएको नेपाल-भारत ऊर्जा सचिवस्तरीय टेलिफोन वार्तामा भारतीय ऊर्जासचिव अग्रवालले एक-दुई दिनमै यसबारे मन्त्रीस्तरीय निर्णय गरेर समाधान निकाल्ने आश्वासन दिएका छन् ।

उक्त सम्झौताको म्याद आगामी ३१ मार्चमा (१८ चैत)मा सकिँदै छ । तर, भारतले सम्झौता नवीकरण गर्न अस्वाभाविक ढिलाइ गरेको छ । सोही सन्दर्भमा मंगलबार ऊर्जासचिव गोपालप्रसाद सिग्देलले गरेको टेलिफोन वार्तामा भारतीय समकक्षीले छिट्टै समाधानको निकास निकाल्ने आश्वासन दिएको मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले बताए । 'मंगलबार नेपाल-भारत सचिवस्तरीय टेलिफोन वार्ता भएको थियो । अहिले चुनावका कारण व्यस्त भएकाले समयमै निर्णय गर्न नसकेको उहाँहरूको मनसाय देखियो । यद्यपि, भारतीय ऊर्जासचिवज्यूले एक-दुई दिनमै मन्त्रीस्तरीय निर्णय



गरेर उचित निकास दिन्छु भन्नुभएको छ,' उनले भने, 'सम्भवतः छिट्टै यसबारे सकारात्मक सन्देश आउनेछ ।'

छलफलमा भारतीय ऊर्जासचिवले अहिले के-कति विद्युत् खरिद भइरहेको र आगामी दिनमा कुन-कुन समयमा कति विद्युत् चाहिन्छ भन्नेबारे विवरण मागेका थिए । त्यसक्रममा सचिव सिग्देलले दैनिक औसतमा ६ सय ५० मेगावाट चाहिने बताएका थिए । त्यसपछि भारतीय समकक्षीले मन्त्रीस्तरीय छलफल गरेर निर्णय सुनाउने प्रतिबद्धता दिएका छन् । टेलिफोन वार्तापछि आफूहरू आशावादी रहेको प्रवक्ता सिंहले बताए ।

अहिले नेपालमा विद्युत्को जडित क्षमता २९ सय मेगावाट हाराहारी छ । तर, स्वदेशी माग दुई हजार मेगावाट हाराहारीमा छ । त्यो अवस्थामा बर्खामा भारतमा विद्युत् बिक्री गर्न सकिन्छ भने हिउँदमा आयात गर्नुपर्छ । अहिले स्वदेशी उत्पादन १२ सय मेगावाट हाराहारी छ । भारतबाट दैनिक औसत ६ सय ५० मेगावाटसम्म विद्युत् आयात भइरहेको छ । भारतबाट व्यापारिक रूपमा चैत ०७७ बाट विद्युत् आयात सुरु भएको थियो । कात्तिक ०७८ देखि भने भारतमा विद्युत् निर्यात गर्न सुरु भएको थियो । हिउँदमा आयात र बर्खामा निर्यात हुने गर्छ । यससम्बन्धी छुट्टाछुट्टै सम्झौता हरेक वर्ष नवीकरण गर्नुपर्छ । भारतबाट विद्युत् आयात गर्नेसम्बन्धी सम्झौताको म्याद आगामी १८ चैतमा सकिँदै छ । त्यो सम्झौता नवीकरण नभएमा नेपाल विद्युत् प्राधिकरणले भारतबाट विद्युत् आयात गर्न पाउँदैन, त्यो अवस्थामा नेपालमा मागअनुसारको विद्युत् आपूर्ति नभई लोडसेडिङ हुनेछ ।

यस्तै, नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले पनि सम्झौता नवीकरण नभएमा स्वदेशी विद्युत् आपूर्तिमा समस्या हुने बताए । 'सम्झौता नवीकरण नभएमा विद्युत् आयात गर्न पाइँदैन । त्यो अवस्थामा नेपालमा विद्युत् आपूर्ति गर्न पक्कै पनि कठिन हुन्छ । अहिले स्वदेशी उत्पादन औसत १२ सय मेगावाट हाराहारी छ, त्यसले स्वदेशी माग धान्दैन,' उनले भने, 'स्वदेशीमा माग धान्न ६ सय मेगावाट हाराहारीमा विद्युत् आयात गर्नैपर्छ । त्यो आयात गर्न सकिएन भने केही समय समस्या हुन सक्छ ।'

जेठयता विद्युत्को स्वदेशी उत्पादन बढ्ने सम्भावना न्यून छ । अब गर्मीका कारण हिउँ पग्लेर खोलामा पानी प्रवाह बढ्छ । त्यसअनुसार जेठसम्म विद्युत्को उत्पादन केही बढ्नेछ । असारदेखि भने बर्खाका कारण विद्युत् उत्पादन थप बढ्नेछ । त्यसपछि भने भारतमा विद्युत् निर्यात गर्न पनि पुग्छ । तर, भारतले सम्झौता नवीकरण नगरेमा जेठसम्म विद्युत् आपूर्तिमा समस्या हुने प्राधिकरणका अधिकारी बताउँछन् । त्यसवेला घोषित रूपमै विद्युत् कटौती (लोडसेडिङ) गर्ने अवस्था आउन सक्ने प्राधिकरणका एक उच्च अधिकारीले बताए ।

> नेपाललाई भारतीय खुला बजारबाट विद्युत् किन्न पाउनेसम्बन्धी सम्झौताको म्याद आगामी ३१ मार्चमा (१८ चैत)मा सकिँदै

भारतले यसअघि म्याद नसकिँदै सम्झौता नवीकरण हुन्थ्यो । तर, यसपालि उक्त सम्झौता नवीकरण गर्न भारतले आनाकानी गरिरहेको छ । यद्यपि, भारतले छिट्टै सम्झौता नवीकरणमा गर्नेमा आफूहरू आशावादी रहेको प्राधिकरणका प्रवक्ता घोषले बताए । '१० वर्षमा १० हजार मेगावाट विद्युत् भारतमा निर्यात गर्ने सम्झौता भइसकेको छ । बर्खामा हामीले नै विद्युत् निर्यात गर्नुपर्छ,' उनले भने, 'तसर्थ, भारतले यस मामिलामा असहयोग नै गर्छ भन्ने छैन । त्यसमाथि हामीले खुला प्रतिस्पर्धाबाट विद्युत् किन्ने हो । त्यसकारण पनि यो सम्झौता नवीकरण गर्छ भन्नेमा आशावादी छौँ ।'

भारतमा आगामी १९ अप्रिलदेखि १ जुनसम्म आमनिर्वाचन हुँदै छ । चुनावका वेला भारतमै बढी विद्युत् चाहिने भएकाले पनि भारतीय पक्ष सम्झौता नवीकरण गर्न आनाकानी गर्दै आएको थियो ।

यसैगरी, सत्ता गठनबन्धनमा भएको परिवर्तन र दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अदालतमा परेको रिटको कारण देखाउँदै पनि भारतले सम्झौता नवीकरण गर्न आकानानी गरेको बताइन्छ । 'आजको दिनमा भारतमा विद्युत्को माग न्यून छ । तर, चुनावको समयमा विद्युत्को माग बढ्न सक्ने अनुमान भारतले गरेको छ, त्यो अवस्थामा हामीलाई विद्युत् दिन सकिँदैन भन्ने हो,' स्रोतले भन्यो, 'अहिले भारतले यसबारे अध्ययन गरिरहेको छ । विगतमा पनि लास्ट-लास्टमै सम्झौता नवीकरण हुन्थ्यो । तसर्थ, हामी यसमा आशावादी छौँ ।'